बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, सिन्धुली

सिन्धुलीमाडी, नेपाल

सूचना नं २०/२०८२/०८३

प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०८

## एक जिल्ला एक विशेष कृषि पकेट क्षेत्र कार्यक्रममा प्रस्ताव आव्हान सम्बन्धी सूचना

कृषि विकास कार्यालय, सिन्धुलीको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एक जिल्ला एक विशेष कृषि पकेट क्षेत्र कार्यक्रम (सिन्धुली) सञ्चालनका लागि एक जिल्ला एक कृषि विशेष पकेट क्षेत्र निर्धारण भएका स्थानभित्रका इच्छुक **निजी कृषि फर्म/कृषि कम्पनी, कृषक समुह र कृषि सहकारीले** यो सूचना प्रकाशन भएको मितिले २१ औं दिन (२०८२/१२/२८ गते) सम्ममा कार्यालय समय भित्र आइ पुग्ने गरी देहाय बमोजिमका कागजात सहित तोकीएको निवेदनसाथ अनुसूची-५ बमोजिमको प्रस्ताव/आवेदन पेश गर्नुहुन आव्हान गरिन्छ। स्वीकृत कार्यक्रम **"एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** बमोजिम सञ्चालन हुनेछ । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराइन्छ। अनलाइन वा इमेलमार्फत समेत प्रस्ताव पेस गर्न सकिनेछ।

तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | परिमाण | कार्यक्रमको कुल रकम (रु. लाखमा) | लक्षित लाभग्राही | बाली/ वस्तु | कार्यक्रम सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | एक जिल्ला एक विशेष कृषि पकेट क्षेत्र कार्यक्रम (सिन्धुली) | १ | ३५ | कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | कफि | हरिहरपुरगढी गाउपालिकाको वडा नम्बर १, ३ र ५ र घ्याङलेख गाउपालिकाको वडा नम्बर १,२,३,४ र ५ | |

निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. अनुसूची-५ बमोजिमको आवेदन फर्म,
२. आवेदकको नागरिकताको प्रतिलिपि,
३. सँस्था दर्ता/नविकरण, स्थायी लेखा नम्बर (PAN)/मुल्य अभिबृद्धि कर (VAT) र पछिल्लो आ.व. को कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
४. कृषक समुह, सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि,
५. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि, जग्गा भाडामा लिएको भए सूचनाको म्याद कायम रहेको अन्तिम मिति सम्म फलफुल तथा अन्य बहुवर्षीय बालीका लागि न्युनतम १० बर्ष, स्थायी प्रकृतिका संरक्षित संरचना निर्माणका लागि न्युनतम १० वर्ष अन्य स्थायी संरचना निर्माणका लागि न्युनतम १५ वर्ष र एक वर्षीय बालीका लागि न्युनतम ३ वर्ष बाँकी अवधी भएको वडा कार्यालयबाट प्रमाणित करार सम्झौता पत्र,
६. अनुसूची-६ बमोजिमको प्रस्ताव पत्र,
७. अनुसूची-७ बमोजिमको प्रतिपद्धता पत्र,

उमादेवी श्रेष्ठ
कृषि प्रसार अधिकृत
(अधिकृतस्तर आठौं)

फोन नं. ०४७-५२०१६६/५२१०४२ ईमेलः akcsindhuli@gmail.com adosindhuli@gmail.com वेबसाइटः sindhuli.akc.gov.np

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, सिन्धुली
सिन्धुलीमाडी, नेपाल

८. अनुसूची-८ बमोजिमको प्रस्तावित स्थान खुल्ने नक्सा,

९. अनुसूची-१२ बमोजिमको स्वघोषणा,

१०. कार्यक्रम सञ्चालन हुने स्थानीय तहको कृषि शाखाको सिफारिस पत्र,

११. कृषक समुह र सहकारीको हकमा कार्यक्रममा सहभागी हुने सम्भावित कृषक सदस्यहरुको विवरण सहितको निर्णय,

१२. कार्यविधि बमोजिमका आवश्यक अन्य कागजात।

नोटः

- आवेदकले चालु आ.व. मा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह वा संघीय सरकारबाट सञ्चालित परियोजनाबाट सोहि कार्यक्रम/क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने तोकीएको ढाचामा स्वघोषणा पेश गर्नुपर्नेछ । अन्य निकायवाट दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अगाडी बढाइनेछ,
- समुह, सहकारीमा आवद्ध कृषकमध्ये गत आर्थिक वर्षमा अनुदान सहयोग प्राप्त गरेका बाहेक सोही समुह, सहकारीका अन्य कृषक चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछन,
- आवेदन यस कार्यालयको इमेल adosindhuli@gmail.com मार्फत पेश गर्न सकिनेछ । इमेलबाट आवेदन पेश गर्दा आवश्यक सम्पुर्ण कागजातहरु स्पष्टसँग स्क्यान गरेर पेश गर्नुपर्नेछ, कुनै कागजात अपुग भई कार्यक्रममा छनोट हुन नसकेमा कार्यालय जवाफदेहि हुने छैन,
- प्रस्ताव पेश गर्न आवश्यक प्रस्ताव फारमहरु, "एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" कृषि विकास कार्यालय सिन्धुलीको वेवसाइट http://sindhuli.akc.gov.np र कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश हेटौंडाको Websitehttp://molmac.bagamati.gov.np बाट डाउनलोड गर्न सकिने छ।

थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, फेसबुक पेज, फोन नं ०४७-५२१०४२ वा सम्बन्धित स्थानीय पालिकाको कार्यालयको सूचना पाटी तथा यस कार्यालयको वेवसाईट sindhuli.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

उमादेवी श्रेष्ठ
कृषि प्रसार अधिकृत
(अधिकृतस्तर आठौं)

फोन नं. ०४७-५२०१६६/५२१०४२ ईमेलः akcsindhuli@gmail.com adosindhuli@gmail.com वेबसाइटःsindhuli.akc.gov.np